आज मिति २०७९।०९।२४ गते आईतबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको आ.ब. २०७९/०८० को ११ औं बैठक तपसिलका पदाधिकारीहरुज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री चित्र प्रसाद गुरागाँई | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ७ | श्री लुङ्गाराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ८ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८० | |
| ९ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| १० | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १४ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १५ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १६ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १७ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १८ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ~~[illegible]~~<br>~~९८०४९९६६३३~~ | |
| १९ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ~~[illegible]~~<br>९८०४९९६६३३ | |
| २० | श्री जनकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २१ | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | शान्ति |

आमन्त्रीत उपस्थिति :-

१. श्री सत्यनारायण हुजदार - सूचना अधिकारी

\|| ^

## प्रस्तावहरु :-

१. अघिल्ला कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।
२. नगर स्तरीय योजनाहरु संशोधन सम्बन्धमा ।
३. समपुरक र विशेष योजना माग सम्बन्धमा ।
४. प्रा.स्वा. के. बेल्टारलाई स्तरोन्नती गरी आधारभूत अस्पताल बनाउने सम्बन्धमा ।
५. खानेपानी, सिंचाई, सा.ब.लगाएतका समितिहरुको समयावधी सम्बन्धमा ।
६. वडास्तरी योजनाहरुको संशोधन सम्बन्धमा ।
७. कर्मचारी व्यवस्थापन सम्बन्धमा ।
८. आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।
९. योजनाहरुको अपुग बजेट थप गर्ने सम्बन्धमा ।
१०. औषधी उपचार आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।
११. नदि जन्य पदार्थ उत्खनन्, संकलन तथा विक्रि वितरण गर्ने सम्बन्धमा ।
१२. सडक बोर्ड नेपाल अन्तर्गतको योजना छनौट गर्ने सम्बन्धमा ।
१३. विभिन्न संघसंस्थाहरुको माग सम्बन्धमा ।
१४. वडा नं. ७ मा रहेको रनिङ्ग सिल्ड सम्बन्धमा ।
१५. योजना तथा कार्यक्रमहरुको अनुगमन सम्बन्धमा ।
१६. विभिन्न मिडियाहरुको माग सम्बन्धमा ।
१७. राजिनामा स्वीकृत गर्ने सम्बन्धमा ।
१८. शिवाई खोला वालुवा ठेक्काको सम्झौता सम्बन्धमा ।
१९. नदिजन्य पदार्थको अनुगमन तथा व्यवस्थापन समिति गठन सम्बन्धमा ।
२०. भिमसेन थान मन्दिर वडा नं. १० र बसाहा थान मन्दिर वडा नं. ४ को मर्मत सम्बन्धमा ।
२१. वडा नं. १० हडियामा सेवा करारमा कार्यरत स.क.अ.को तलब भुक्तानी सम्बन्धमा ।
२२. आधारभूत स्वास्थ्य केन्द्र खैराझोडाको घरभाडा भुक्तानी सम्बन्धमा ।
२३. LISA बाट प्राप्त अंक अनुमोदन गर्ने सम्बन्धमा ।

## छलफल तथा निर्णयहरु :-

निर्णय नं. १

प्रस्ताव नं. १ माथी छलफल गर्दा यस नगरपालिकाको नगर कार्यपालिकाको अघिल्ला बैठकबाट भएका निर्णयहरु सन्तोष जनक रुपमा कार्यान्वयन भएको पाईयो साथै नगर पालिकाको निर्णय बमोजिम कार्यान्वयनको क्रममा रहेका निर्णयहरुलाई प्रभावकारी ढंगबाट अपेक्षित उपलब्धी प्राप्त हुने गरी कार्यान्वयन गर्ने गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथी छलफल गर्दा यस नगरपालिकाको १२ औं नगर सभाबाट चालु आ.ब.को लागि स्वीकृत बजेट तथा कार्यक्रमहरु मध्ये तपसिलमा उल्लेखित योजना तथा बजेट संशोधन गरी कार्यान्वयन गर्नु पर्ने भएकोले तपसिल अनुसारको संशोधित बजेट तथा कार्यक्रम स्वीकृत गरी अनुमोदनको लागि आगामी नगर सभा समक्ष पेश गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

| साविक कार्यक्रम | बजेट | संशोधित कार्यक्रम | बजेट | कारण |
|---|---|---|---|---|
| अतिरिक्त काम बापत प्रोत्साहन भत्ता | २५००००० | अन्य भत्ता (कर्मचारी ईन्धन) | २५००००० | |
| सेन वंशको अन्तिम राजाको मूर्ति | १५००००० | वडाका विभिन सडकहरु र पर्यटन प्रवद्धनको डि.पि.आर. तयारी | १५००००० | |

| | | | | |
|---|---|---|---|---|
| बेल्टार बजार ६/७ पेटी इन्टरलक तथा ढल व्यवस्थापन | ४०००००० | वडा नं. ६/७ बेल्टार बजार, पुष्पलाल चौक वरिपरी इन्टरलक ईटा लगाउने तथा बजार क्षेत्रको ढल व्यवस्थापन | ३०००००० | |
| | | पशु हटिया ड्डुंड निर्माण तथा व्यवस्थापन | ३००००० | |
| | | बजार क्षेत्रमा पार्किङ्ग/नोपार्किङ्ग बोर्ड, ट्राफिक बोर्ड, सिग्नल र सिमाना बोर्ड | ७००००० | |
| पोषण कार्यक्रम सुनौलो हजार दिनको आमा महिला स्वास्थ्य स्वयमसेवीका सहितको तालिम | ३००००० | आँखा शिविर कार्यक्रम | ३००००० | |
| कुल पुजा घर घेराबेरा | १५०००० | बन्जारा बन्दु समाजको गोठपुजा घर घेराबेरा वडा नं. ९ | १५०००० | |
| वडा नं. ९ सर्भेश्वर शिवालय मन्दिरमर्मत र योगाश्रम मर्मत (टावर डाँडा नजिक) | २००००० | राधाकृष्ण मन्दिर नयाँ निर्माण वडा नं. ९ (निर्माण सामग्री) | ५०००० | |
| | | राधाकृष्ण मन्दिर घेराबेरा (खनालको घर छेउ) वडा नं. ९ | ५०००० | |
| | | खड्का वन्दु कुल पुजाघर घेराबेरा हुङ्गा वडा नं. ९ | ५०००० | |
| | | शिव मन्दिर मर्मत संभार वडा नं. १० | ५०००० | |
| नगर तथा वडास्तरीय मेलमिलाप समिति पुर्नगठन र तालिम | २००००० | मेलमिलाप समितिलाई तालिम | २००००० | |
| न्यायिक समितिले सम्पादन गर्ने कार्यहरुको बारेमा वडास्तरीय सचेतना | ३००००० | मेलमिलाप समितिलाई तालिम | १००००० | |
| | | मेलमिलाप समितिले सम्पादन गर्ने कार्यहरुको बारेमा वडास्तरीय सचेतना कार्यक्रम | २००००० | |
| उत्कृष्ठ मेलमिलाप समितिलाई प्रोत्साहन | ५००००० | विविध खर्च | २०००० | |
| | | न्यायिक समितिका लागि ल्याप्टप खरिद थप | ३०००० | |
| ढिहिबार थान मर्मत सुधार वडा नं. ५, ९ र १० | १००००० | राजारानी थान घेराबेरा टावर डाँडा भिमराईको घरछेउ वडा नं. ९ | ५०००० | |
| | | पौडेल बन्दु कुलपुजा घेराबेरा वडा नं. १० | ५०००० | |
| सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १०००००० | नगरपालिकासँगको सहकार्यमा विभिन्न कार्यक्रमहरु प्रकाशन, प्रचार तथा सञ्चालन कार्यक्रम खर्च (ए.टी.नेटवर्क प्रा.लि.) | १००००० | |
| | | नगरपालिकासँगको सहकार्यमा विभिन्न कार्यक्रमहरु प्रसारण, प्रचार तथा सञ्चालन कार्यक्रम खच (टिम साथी नेटवर्क प्रा.लि.) | ३००००० | |
| | | अन्य कार्यक्रम खर्च | ६००००० | |

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालन हुने गरी प्रदेश समपुरक र संघ समपुरक तथा विशेष अनुदान तर्फ तपसिल बमोजिमका योजनाहरु छनौट गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

प्रदेश समपुरक तर्फ :-

१. १० नं. वडा कार्यालय देखि खेलमैदान हुँदै चौडाल सम्मको सडक स्तरोन्नती वडा नं. १० ।
२. माडिबास, शिखरपुर, कन्चनपुर, गढी हुँदै चारघरे जाने सडक स्तरोन्नती वडा नं. १ ।
३. जुटपानी, देविथान, पटवारी टोल, खोरीया हुँदै शिवाई चौक सडक स्तरोन्नती वडा नं. ५ ।
४. १० नं. वडा कार्यालय देखि खेलमैदान हुँदै चौडाल सम्मको सडक स्तरोन्नती वडा नं. १० ।
५. औतारी थान देखि कालिका मा.वि.हुँदै कालिखोला जाने सडक स्तरोन्नती वडा नं. ६ ।
६. बैटार देखि बाहुनटोल लामेचारी हुँदै हस्पिटल जाने बाटो स्तरोन्नती वडा नं. ७ ।

संघ समपुरक तर्फ :-

१. वर्षे डाँडा, समिचोक, मकमडाँडा हुँदै कुसुमचौरी सडक स्तरोन्नती तथा कालोपत्रे निर्माण वडा नं.४, ३ ।
२. बेल्टार, माडिबास, गंगटे, भोर्लेनी सडक स्तरोन्नती तथा कालोपत्रे निर्माण वडा नं. ७,२,४,३ ।
३. ढुंङ्गा- लालभित्ति सडक स्तरोन्नती तथा कालोपत्रे निर्माण वडा नं. ९ ।
४. फोरापाटा, सार्की टोल, कामीडाँडा, निमेल टोल हुँदै माडिबास जाने सडक स्तरोन्नती वडा नं. २,७ ।
५. ढेलाचौरी, चारघरे, बैठार हुँदै बेल्टार जोड्ने सडक स्तरोन्नती वडा नं. ५, ७ ।

विशेष अनुदान तर्फ :-

१. कुसुमचौरी खानेपानी योजना वडा नं. ३ ।
२. शिखरपुर, कात्तिके, दारुला खानेपानी योजना वडा नं. ८ ।
३. बेल्टार दोश्रो खानेपानी आयोजना वडा नं. ६ सिर्वानी ।
४. राजधारा खानेपानी सिद्धिपुर वडा नं. ८ ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको वडा न. ७ मा संचालित प्रायमि स्वास्थ्य केन्द्र बेल्टारमा दैनिक ३०० जना विरामीहरु उपचारको लागि आउने गरेको साथै प्रसुति लगाएतको इमरजेन्सी सेवामा समेत विरामीको चाप धेरै भएको र यस प्रा.स्वा.के. मा उपचारको लागि खोटाङ्ग र भोजपुर जिल्लाका सिमावर्ती क्षेत्रका नागरिकहरु सेमत आउने गरेको साथै यस न.पा.को लागि नेपाल सरकारबाट १५ बेडको अस्पताल भवन निर्माणको लागि गत आ.ब.मा नै बजेट प्राप्त भई भवन निर्माण कार्य भई रहेको र न.पा.बाट MBBS डा. करार सेवामा राखी स्वास्थ्य सेवा प्रवाह गरिएको हुँदा उक्त प्रा.स्वा.के. लाई स्तरोन्नती गरी आधारभूत अस्पताल बनाउने सर्वसम्मत निर्णय परित गरियो । साथै उक्त आधारभूत अस्पतालको स्वीकृति र दरवन्दीको आवश्यक व्यवस्थाको लागि स्वास्थ्य मन्त्रालय लगाएत सम्बन्धित निकायहरुमा माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा सञ्चालित खानेपानी, सिंचाई, सामुदायिक वन, विद्यालय व्यवस्थापन समिति, सहकारी संस्था जस्ता सामुहिक र सामाजिक उत्तरदायित्व बोकेका सबै समितिहरुको विधानतः समयावधी सकिएको भए पुनः गठन गर्न यस अधि नै जानकारी गराईएकोमा अझै सम्म कतिपय समितिहरु पुनः गठन नभएको पाईएकोले त्यस्ता म्याद गुर्जेका सबै समितिहरुलाई मिति २०७९ साल माघ १५ गते सम्ममा हरहिसाव फरफारक सहित समिति पुनः गठनको लागि समय दिने र उक्त मिति सम्म पनि पुनः गठन नभएमा त्यस्ता समितिहरु स्वतः खारेजी हुने र त्यो संस्था वा समिति वडाको जिम्मा आउने र वडाले आवश्यक प्रकृया पुरागरी नियमित गर्ने गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाको १२ औं नगर सभाबाट चालु आ.ब.को लागि स्वीकृत बजेट तथा कार्यक्रमहरु मध्ये संशोधन गरेर कार्यान्वयन गर्नु पर्ने विभिन्न याजना तथा कार्यक्रमहरु यस नगरपालिकाको १० वटै वडाहरुबाट संशोधित कार्यक्रम सहित स्वीकृतिका लागि पेश भएको हुँदा वडाहरुबाट पेश भएका सबै संशोधित बजेट तथा कार्यक्रमहरु जस्ताको त्यस्तै पास गर्ने र अनुमोदनको लागि नगर सभा समक्ष पेश गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकाको मिति २०७९।०८।२९ गतेको निर्णय अनुसार मिति २०७९ साल माघ महिनाको १ गते देखि ज्यालादारीमा कर्मचारी खटाइएका पदहरुमा नियमानुसार पदपूर्तिको लागि आवश्यक प्रक्रिया अगाडी बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र उक्त निर्णय अनुमोदनको लागि आगामी नगर सभा समक्ष पेश गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस यस नगरपालिकाको विभिन्न वडामा बस्ने व्यक्तिहरुलाई विपद्‌जन्य क्षतिको राहत र अशक्त अपाङ्गता तथा विपन्न सहायताको लागि सम्बन्धित वडा कार्यालयहरुबाट सिफारिस भई आएको हुँदा यस नगरपालिकाको स्वीकृत कार्यक्रमहरु मध्ये उपर्युक्त शीर्षकबाट तपसिल बमोजिमको आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

| सि.नं. | नाम,थर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | मिना कुमारी गुप्ता | वडा नं. १० | १०,०००।- | अतिविपन्न (पतिको मृत्यु) |
| २ | रञ्जित विश्वकर्मा | वडा नं. २ | २५,०००।- | अतिविपन्न भएकोले उच्च शिक्षा पढ्न |
| ३ | फर्स बहादुर मगर | वडा नं. ३ | २५,०००।- | निजले प्रयोग गर्दै आएको कृतिम खुट्टा पुरानो भएकोले नयाँ लगाउने |
| ४ | राम कुमारी राई | वडा नं. ३ | १०,०००।- | अतिविपन्न (पतिको मृत्यु) |
| ५ | चक्र बहादुर श्रेष्ठ | वडा नं. ६ | १५,०००।- | हस्तकलाको सामान निर्माण सहयोग |
| ६ | प्रेम बिष्ट | वडा नं ५ | २०,०००।- | हात्तिको आकमणबाट घर, अन्नपात क्षती |
| ७ | अनन्त कुमार दाहाल | वडा नं. ५ | १२,०००।- | हात्तिको आकमणबाट घर, अन्नपात क्षती |
| ८ | ध्रुव खत्री | वडा नं. १० | २०,०००।- | आगलागीबाट पराल, ग्वाली, काठ क्षती |
| ९ | दिपा राई | वडा नं २ | २०,०००।- | छोरा आयुष राईको मृत्यु, अतिविपन्न |
| | | जम्मा | १,५२,००००।- | |

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा चालु आ.ब.को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार विभिन्न वडाहरुमा बाटो मर्मत तथा ग्रावेलको लागि विनियोजित बजेटबाट काम गर्ने क्रममा बढी काम गर्नुपर्ने अवस्था भई स्वीकृत बजेट भन्दा बढी काम भएका योजनाहरुको भुक्तानीका लागि अपुग भएको बजेट यस न.पा.को विपद् व्यवस्थापन (तटबन्धन, नदी नियन्त्रण तथा बाँध निर्माण लगाएत) शीर्षकबाट भुक्तानी गर्ने सर्वसम्मत निर्णय पारित गरियो । साथै सो को अनुमोदनको लागि आगामी नगर सभा समक्ष पेश गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकाको विभिन्न वडामा बसोबास गर्ने व्यक्तिहरुको औषधी उपचार आर्थिक सहयोगको लागि सम्बन्धित वडा कार्यालयहरुबाट सिफारिस भई आएको हुँदा यस न.पा.को स्वास्थ्य उपचार राहत कोष कार्यविधि, २०७६ बमोजिम तपसिल अनुसारको औषधी उपचार आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

| क.स. | नम थर | उमेर | लिङ्ग | वडा नं. | रोगको किसिम | आ. स. रकम | मोवाइल नं. | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १. | विष्णु कुमारी सुनार | ७५ | म. | ४ | मुटु रोग | २५००० | ९८०३०७७६४० | |
| २. | बचरी मगर तामाङ्ग | ५६ | म. | ३ | दाहिने फोक्सोमा पानी भरिएको | १५००० | ९८४२९४४९९६ | |
| ३. | डम्बर कुमारी कार्की | ५ | म. | ४ | मुटु रोग | २५००० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४. | मनोज विश्वकर्मा | | पु. | ६ | मानसिक रोगी | ७००० | | |
| ५. | उर्मिला सदा | २७ | म. | ५ | घाँटीको अप्रेशन | १०००० | | |
| ६. | सोनिक कार्की | | पु. | ९ | तातो पानीले पोलेको | ७००० | | |
| ७. | खिल कुमारी श्रेस्ठ( उदास) | २८ | म. | ७ | घाँटीको क्यानसर | २५००० | | |
| ८. | प्रेमकुमार बस्नेत | | पु. | २ | स्पाइनल इन्जुरी | १५००० | | |
| ९. | हर्कबहादुर वि.क. | ६० | पु. | ९ | देब्रे खुट्टा भचाचिएको | १५००० | ९८०८८६६०३० | |
| १०. | सारादा कुमारी चौधरी | | म | ५ | पाठेघरको क्यान्सर | २५००० | | |
| ११. | गुणमाया आचार्य | ६५ | म. | ५ | ग्यासटाइटिस | ५००० | | |
| १२. | दुर्गानन्द चौधरी | ७० | पु. | ५ | जन्डीस | ५००० | | |
| १३. | सुमित्रादेवी चौधरी | ४५ | म. | १० | टाउकोमा पानी जमेको | १५००० | | |
| १४. | नौशासाद मिया | | पु. | ५ | | १५००० | | |
| | | | | | जम्मा | २०९००० | | |

निर्णय नं. ११

**प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस न.पा. बाट स्वीकृत गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन (IEE)बमोजिम नदि जन्य पदार्थ उत्खनन्, संकलन तथा विक्रिवितरण गर्ने कार्यको लागि बोलपत्र आव्हान भइ ठेक्का प्रक्रिया भन्दा बाहिर रहेका नदि तथा खोलाहरुबाट नदिजन्य पदार्थ(बालुवा,गिट्टी,ढुंगा) नगर बाहिर समेत बिक्रि निकासी हुने गरी नगरपिलकाबाट अमानतमा कर संकलन गर्ने व्यवस्था मिलाई स्वीकृत IEE को पूर्ण रुपमा पालना गरी नदिजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्रि निकासी खुल्ला गर्ने र सो को नियमित निगरानी र अनुगमन राजश्व शाखा र सम्बन्धित वडाबाट गर्ने गराउने सर्वसम्मत निर्णय पारित गरियो । साथै अमानतमा कर संकलन गर्न खटाइने कर संकलनकर्ताहरुलाई दैनिक खाना/खाजा खर्च वापत रु.५००।- उपलव्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।**

निर्णय नं. १२

**प्रस्ताव नं. १२ माथि छलफल गर्दा चालु आ.ब.को लागि सडक बोर्ड नेपालबाट यस नगर पालिकाको लागि प्राप्त रकम रु.४३,००,०००।- र न.पा.को सहभागीता रकम रु. समेत जम्मा रु. बाट बेल्टार, बिरेन्द्र बजार, छुइला, बंशिला सडकको स्तरोन्नतीको लागि नियमानुसार निर्माण प्रक्रिया अगाडी बढाउने सर्वसम्मत निर्णय पारित गरियो ।**

निर्णय नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस चौदण्डीगढी नगरपालिका क्षेत्रमा रहेका विभिन्न जातजातीगत रुपमा मनाउने चाडपर्वहरुको लागि विभिन्न संघसंस्थाहरुले आर्थिक सहयोग माग गरेको हुँदा यस नगरपालिकाको जातिय चाडवाड (राई, तामाङ्ग, मगर, थारु, नेवार, शेर्पा, ब्रामण क्षेत्री) प्रवर्द्धन कार्यक्रम शीर्षकबाट तपसिल बमोजिमको रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

१. छठ पुजा समारोह समिति चौदण्डीगढी न.पा.५ र ६ रु.२५,०००।-
२. नेपाल मगर संघ, चौदण्डीगढी नगर कमिटि, उदयपुर रु.८०,०००।-
३. जिल्ला इसाई समाज, उदयपुर प्रदेश नं. १ रु.२०,०००।-
४. मधेशी समाज उदयपुर रु.२०,०००।-
५. किराँत बायुङ्ग राई सुम्नी खिम, उदयपुर रु.२०,०००।-
६. नेपाल तामाङ घेदुङ चौदण्डीगढी नगर कार्य समिति रु.८०,०००।-

निर्णय नं. १४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस चौदण्डीगढी नगरपालिकाले विगत वर्ष देखि वार्षिक रुपमा सञ्चालन गर्दै आएको मेयर कप फुटबल प्रतियोगितालाई थप प्रभावकारी बनाउँदै खेलाडीहरुलाई व्यवसायीक रुपमा खेल प्रति प्रेरित गर्ने उद्देश्यले यस न.पा.को आयोजनामा सञ्चालन हुने मेयर कप फुटबल प्रतियोगितामा सहभागी भई कुनै एउटै वडाले लगातार ३ पटक सम्म जित्ने वडाको टिमलाई प्रोत्साहन वापत रु.२,००,०००।- उपलब्ध गराउने साथै गत विगतमा लगातार ३ पटक मेयर कप जितेका वडा नं. ७ को खेलाडी टोलीलाई वडा खेलकुख समिति मार्फत रु.२,००,०००।- उपलब्ध गराउने र उक्त ७ नं. वडामा रहेको रनिङ्ग शिल्ड न.पा.मा ल्याउने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १५

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस नगरपालिकाको नगरस्तरीय अनुगमन समितिबाट हाल २ लाख भन्दा बढी लागत भएका सबै योजना तथा कार्यक्रमहरुको अनुगमन सुपरीवेक्षण हुँदै आएकोमा त्यस्ता सबै योजनामा नगरस्तरीय अनुगमन समितिबाट मात्र अनुगमन गर्दा यातायात तथा ईन्धन खर्च बढ्नुको साथै उपभोक्ता समितिहरुले भुक्तानी लिने समय लम्बिने गरेको हुँदा वडास्तरीय बजेटबाट सञ्चालन हुने ५ लाख सम्म लागत भएका योजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरीवेक्षण गर्न वडास्तरीय अनुगमन समितिलाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १६

प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रमा सञ्चालित विभिन्न मिडियाहरुले नगरपालिकासँगको सहकार्यमा विभिन्न कार्यक्रमहरु प्रकाशन, प्रसार तथा सञ्चालन गर्ने प्रयोजनको लागि प्रस्तावना सहित बजेट माग गरेको हुँदा यस नगरपालिकाको चालु तर्फको कार्यक्रम खर्च शीर्षकबाट तपसिल बमोजिमको रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

१. एटी नेटवर्क प्रा.लि.उदयपुर रु.१,००,०००।-
२. टिम साथी नेटवर्क प्रा.लि.बेल्टार रु.३,००,०००।-

निर्णय नं. १७

प्रस्ताव नं. १७ माथि छलफल गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र स्थानीय तहको बार्षिक योजना तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) बमोजिम यस नगरपालिकाको नगर कार्यपालिकाको बैठकबाट गठन गरिएको वन वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक श्री केशव अधिकारीले आफ्नो कार्यव्यवस्तताको कारण उक्त समितिमा रहेर कामकाज गर्न नसक्ने भनी उक्त संयोजक पदबाट राजिनामा दिनु भएको साथै नगर कार्यपालिका सदस्य तिलावतीराईले पनि नगर कार्यपालिबाट निर्णय भई आफुलाई जिम्मेवारी तोकिएको समितिहरुमा रहेर काम गर्न असमर्थ रहेको भनि स्वैच्छिक रुपमा राजिनामा दिनु भएको हुँदा वहाँहरु दुवैजनाले दिनु भएको राजिनामा स्वीकृत गर्ने स्वसर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १८

प्रस्ताव नं. १८ माथि छलफल गर्दा यस चौदण्डीगढी नगरपालिका र चौदण्डी कन्स्ट्रक्सन प्रा.लि. चौ.न.पा. १० हडिया वीच मिति २०७९/०९/२१ गते भएको सिवाई खोला आ.व. २०७९/०८० सि.नं. ५ को (कबुलियतनाम) सम्झौता बमोजिम उक्त सम्झौतापत्रको - बुदा न. ३५ मा नदीजन्य पदार्थहरु घाटगद्दी स्थल तोकी निर्धारित स्थानबाट मात्र बिक्री निकासी गर्नुपर्ने छ । सो घाटगद्दी स्थानबाट विक्रीवितरण गर्ने क्रममा उल्लेखित शर्तहरु पालना भएनभएको सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समिति तथा नगर स्तरीय अनुगमन समितिले आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशन पालना गर्ने दायित्व दोस्रो पक्ष (ठेक्केदार) को हुनेछ । उल्लेखित व्यवस्था बमोजिमको "ढुंङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" कार्यन्वयन गर्ने ,गराउने गरी ठेक्का परिमाण भित्रको निर्माण सामग्री उत्खनन ,संकलन तथा बिक्रि, निकासी गर्न अनुमति दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १९

प्रस्ताव नं. १९ माथि छलफल गर्दा यस नगरपालिकाबाट स्वीकृत प्रारम्भिक वावरणीय परिक्षण प्रतिवेदन IEE बमोजिम नदिजन्य पदार्थ उत्खनन् संकलन तथा विक्रिवितरण गर्ने गराउने सोको राजश्वलाई पारदर्शी रुपमा संकलन गर्ने गराउने र नदिजन्य पदार्थको उत्खनन्बाट आउन सक्ने प्रकोप तथा बिपद् जन्य क्षतिहरुको प्रतिवेदन तयारी गर्ने लगाएत चुस्तदुरुस्त एवं पूर्ण पारदर्शी रुपमा नदिजन्य पदार्थ उत्खनन संकलनको आवश्यक व्यवस्था मिलाउन र उत्खनन् हुने स्थानहरुमा स्थलगत रुपमा नियमित अनुगमन सुपरीवेक्षण तथा नापजाँच गरी प्रतिबेदन तयार गरी अभिलेख समेत राख्ने गरी तपिसल अनुसारको प्राबिधिक समिति गठन गर्ने निर्णय गरियो ।

तपिसलः-

१. प्रशासन तथा योजना शाखा प्रमुख - संयोजक
२. प्राविधिक शाखा प्रमुख - सदस्य
३. सव-डिभिजन वन कार्यालयको प्रतिनिधि - सदस्य
४. प्राविधिक शाखा सव-इन्जिनियर - सदस्य
५. राजश्व शाखा प्रमुख - सदस्य सचिव

निर्णय नं. २०

प्रस्ताव नं. २० माथि छलफल गर्दा यस नगरपालिकाको ऐतिहाँसिक महत्व बोकेको वडा नं. १० मा रहेको भिमसेन थान मन्दिर र वडा नं. ४ मा रहेको बसाहा थान मन्दिर मर्मत तथा व्यवस्थापनको लागि पुरातत्व विभागबाट बजेट तथा कार्यक्रम परेको हुँदा उक्त कार्यक्रमलाई कार्यान्वय गर्न कार्यमा पुरातत्व विभागबाट खटिई आउने कर्मचारी तथा प्राविधिक टोलीको व्यस्थापन खर्चको लागि यस नगरपालिकाको चालु तर्फको अन्य कार्यक्रम खर्च शीर्षकबाट रु.५०००००।- बजेट उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. २१

प्रस्ताव नं. २१ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १० हडियामा सहायक कम्प्युटर अपरेटर पदमा सेवा करारमा कार्यरत कर्मचारी नविन चौधरीको मिति २०७९ साल मंसिर मसान्त देखि करार म्याद थप नगरिएको र निजको मिति २०७९ साल कात्तिक र मंसिर महिनाको तलबभत्ता भुक्तानी गर्न बाँकी रहेको हुँदा उक्त २ महिनाको निजले साविकमा खाईपाई आए बमोजिमको तलब यस नगरपालिकाको करार सेवा शुल्कबाट उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. २२

प्रस्ताव नं. २२ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १० खैराजोडामा नगरपालिका अन्तर्गत सञ्चालित आधारभूत स्वास्थ्य केन्द्र घरभाडामा लिई सञ्चालन गर्दै आएकोमा हाल उक्त स्वास्थ्य केन्द्रको आफ्नै भवन निर्माण गरिएको र उक्त नयाँ भवनमा सर्ने तयारी समेत गरिएको हुँदा हाल सम्म भाडामा प्रयोग गरिएको घरको भाडा रकम रु.१५,०००।- यस न.पा. को घरभाडा शीर्षकमा विनियोजित रकमबाट भुक्तानी गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. २३

प्रस्ताव नं. २३ माथि छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ (पहिलो संशोधन २०७८।०९।१८ समेत) बमोजिम यस नगरपालिकाबाट गत आर्थिक वर्ष २०७८/०७९ मा सम्पादित कार्यहरुको मूल्याङ्कन गर्दा जम्मा ७६ अंक प्राप्त भएको र उक्त प्राप्त नतिजा पृष्ठपोष्णको लागि जिल्ला समन्वय समिति उदयपुरमा पठाईएकोमा जिल्ला समन्वय समिति उदयपुरबाट पृष्ठपोण सहितको अन्तिम नतिजा प्राप्त भएको हुँदा तपसिल बमोजिमको अन्तिम नतिजा अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो । साथै मूल्याङ्कनमा कम्जोर देखिएका सूचकहरुमा सुधार गर्दै जाने र राम्रो देखिएका सूचकहरुको निरन्तरता तथा दिगोपनाको लागि आवश्यक व्यवस्था मिलाउने सर्वसम्मत निर्णय पारित गरियो ।

<u>तपसिल :-</u>

| क्र.स. | बिषय क्षेत्र | पुर्णाङ्क | अवस्था ( प्राप्ताङ्क ) | | | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | समग्र स्थिति | प्रकृयागत स्थिति | परिणात्मक स्थिति | |
| १ | शासकीय प्रबन्ध | ९ | ३ | ४ | २ | ८.५ |
| २ | सङ्गठन तथा प्रशासन | ८ | ० | २ | १ | ३ |
| ३ | बार्षिक बजेट तथा योजना ब्यवस्थापन | ११ | १.७५ | ३.५ | ३ | ८.२५ |
| ४ | बित्तीय एवं आर्थीक ब्यवस्थापन | ११ | १.७५ | ४ | ४ | ९.७५ |
| ५ | सर्वजनिक सेवा प्रवाह | १६ | २.५ | २.५ | ८ | १३ |
| ६ | न्यायिक कार्यसम्पादन | ७ | १ | ३ | ३ | ७ |
| ७ | भौतिक पूर्वाधार | १३ | २ | ३ | ५ | १० |
| ८ | सामाजिक समावेशीकरण | १० | १.५ | २ | १.५ | ५ |
| ९ | वातावरण संरक्षण तथा बिपद ब्यवस्थापन | ९ | १ | १.५ | ३.५ | ६ |
| १० | सहकार्य र समन्वय | ६ | १.७५ | ० | ३ | ४.७५ |
| | जम्मा | १०० | | | | ७५.२५ |